**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सो को नियमावलीको नियम ३ बमोजिमको त्रैमासिक विवरण (माघ–चैत्र) २०७७**

# कार्यालय : करदाता सेवा कार्यालय, ओखलढुंगा

**आ.व. २०७७।०७८ (२०७७ माघ देखि २०७७ चैत्र सम्म)**

| क्र.सं. | विषय | विवरण |
|---|---|---|
| १ | निकायको स्वरूप र प्रकृति | **१. पृष्ठभूमि कर** : कर प्रणालीलाई शासन व्यवस्थाको मेरूदण्डको रूपमा लिइन्छ । सुदृढ कर प्रणालीका माध्यमबाट नै राज्य प्रभावकारी ढंगले संचालन हुने, दिगो आर्थिक विकास हासिल हुने र सुशासन कायम हुन गई सेवा प्रवाह प्रभावकारी बन्न सम्भव हुन्छ । कर प्रणाली अन्तर्गत कर नीति, कर कानून, कर प्रशासन र करदाता समेटिएका हुन्छन् । समय सापेक्ष कर नीति, सरल कर कानून, इमान्दार करदाता, पारदर्शी एवं जिम्मेवार र व्यावसायिक कर प्रशासन कर प्रणालीका आधार हुन् । करदाताहरूको सेवामा जोड दिई करको परिपालना लागत (Compliance Sost) घटाउने प्रमुख अभिप्रायले आन्तरिक राजस्व विभागले विगत लामो समय देखि सेवा प्रवाहलाई सरल तथा करदातामैत्री बनाई विद्युतीय सुशासन समेत प्रयोगमा ल्याएको छ । आफ्नो कार्यक्षेत्रसंग सम्बन्धित सेवा प्रवाह जुन आफ्नै जनशक्ति र विद्यमान संरचनाले समेट्न सकिदैन, त्यस्ता कार्यहरू निजीक्षेत्रसंगको साझेदारीमा संचालन गरिदै आइएको छ । करदातामैत्री व्यवहारको माध्यमबाट मुलुकको आन्तरिक श्रोत परिचालनमा बढोत्तरी ल्याउने प्रमुख ध्येयका साथ □स्वच्छ कर प्रशासन : विकास र सुशासन□ भन्ने मूल नारका साथ आफ्ना गतिविधिहरू सोही तर्फ परिलक्षित गरी कार्य गर्दै आएको छ, जसले गर्दा कर कानूनको परिपालनमा सहजता आउनुका साथै कर संकलनमा उल्लेख्य वृद्धि भई □समृद्ध नेपाल, सुखी नेपाली□ भन्ने मूलध्येयलाई साकार पार्ने कार्यमा सघाउ पुग्दछ । |
| | | **१.१ दीर्घकालीन सोच (Vision)** : फराकिलो, पारदर्शी र स्वच्छ कर प्रणालीको माध्यमबाट विकास प्रकृयामा टेवा पुर्याउन सक्षम संस्थाको रूपमा स्थापित हुने । |
| | | **१.२ गन्तव्य (Mission)** : उपयुक्त कर नीति तथा उत्कृष्ट सेवाको माध्यमबाट कर सहभागिता सुनिश्चित गर्ने । |
| | | **१.३ समग्र उद्देश्य (Overall Objective)** : समतामुलक, प्रगतिशील, पारदर्शी र पूर्वानुमानयोग्य कर प्रणाली सुनिश्चित गर्ने । |
| | | **१.४ विकासात्मक उद्देश्य (Development Objective)** : करदाता सेवा र शिक्षाको विस्तार, आधुनिक प्रविधिको आधिकारिक मात्रामा उपयोग, |
| | | **१.५ मूल्य मान्यताहरू (Values)** : सदाचार, व्यवसायिकता, स्वच्छता, सम्मान, सहकार्य, नव प्रबर्द्धन |
| २ | कार्यालयको काम, कर्तव्य र अधिकार | **प्रमुख कार्यहरू (Functions)** : करदाता सेवा, कर संकलन सम्बन्धी कार्य । |
| ३ | कार्यालयमा रहने कर्मचारी संख्या | **कर अधिकृत १, ना.सु. २ (२ खाली लोक सेवामा माग गरेको), डा.ई.सु. १ (१ करार) ह.स.चा. १ (खाली), का.स. १ (१ करार)** |

<table>
<tr><td>४</td><td>कार्यालयको कार्य क्षेत्र</td><td colspan="6">ओखलढुंगा जिल्ला र सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका, माप्यदुधकोशी गाउँपालिका, थुलुङ दुधकोशी गाउँपालिका, नेचा सल्यान गाउँपालिका, महाकुलुङ गाउँपालिका, लिखुपिके गाउँपालिका र सोताङ गाउँपालिका रहेको छ ।</td></tr>
<tr><td>५</td><td>कार्यालयबाट प्रदान गरिने सेवाहरू</td><td colspan="6">नागरिक वडापत्रमा उल्लेख भए बमोजिम ।</td></tr>
<tr><td>६</td><td>सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी</td><td colspan="6">करदाता सेवा शाखा र कार्यालय प्रमुख</td></tr>
<tr><td>७</td><td>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि</td><td colspan="6">सेवाग्राहीले प्राप्त गर्ने सेवाको सन्दर्भमा लाग्ने समय, लागत र जिम्मेवार अधिकृत तोकी नागरिक वडापत्रमा उलेख गरिएको ।</td></tr>
<tr><td>८</td><td>निर्णय गर्ने प्रक्रिया र अधिकारी</td><td colspan="6">शाखागत रूपमा गरिनुपर्ने कार्य कार्यालय प्रमुखबाट निर्णय गराई कार्य सम्पादन हुने गरेको ।</td></tr>
<tr><td>९</td><td>निर्णय उपर उजुरी सुन्ने अधिकारी</td><td colspan="6">कार्यालय प्रमुख</td></tr>
<tr><td rowspan="7">१०</td><td rowspan="7">सम्पादन गरेको कामको विवरण</td><td>परिसूचक</td><td>२०७७ माघ</td><td>२०७७ फाल्गुण</td><td>२०७७ चैत्र</td><td>जम्मा</td><td>२०७७ श्रावण देखि चैत्र सम्मको जम्मा</td></tr>
<tr><td>ब्यवसायीक PAN दर्ता Business Pan</td><td>१३५</td><td>३४८</td><td>२२०</td><td>७०३</td><td>१८२८</td></tr>
<tr><td>अन्त:शूल्क दर्ता EXCISE</td><td>२</td><td>१</td><td>३</td><td>६</td><td>२११</td></tr>
<tr><td>ब्यक्तीगत PAN दर्ता Personal Pan</td><td>८</td><td>२४२</td><td>१२८</td><td>३७८</td><td>३७८</td></tr>
<tr><td>मू.अ.कर दर्ता VAT</td><td>६</td><td>९</td><td>८</td><td>२३</td><td>११९</td></tr>
<tr><td>टि.डि.एस PAN दर्ता WPAN</td><td>०</td><td>२</td><td>३</td><td>५</td><td>५</td></tr>
<tr><td colspan="6">साथै कर चुक्ता प्रदान, आय विवरण प्राप्त, राय प्रतिक्रिया, कारोबार थप घट, मू.अ.कर समायोजन पत्र लगायतका कार्य सम्पादन भएको ।</td></tr>
<tr><td>११</td><td>सूचना अधिकारी र प्रमुखको नाम र पद</td><td colspan="6">सूचना अधिकारी डा.ई.सु. सचिन देव भ□राई</td></tr>
</table>

| | | |
|---|---|---|
| १२ | सर्वजनिक निकायको वेभसाईट भए सोको विवरण | www.ird.gov.np/branch/tso-okhaldhunga |

१३ कार्यालयको राजस्व संकलनको अवस्था

**आ.व. २०७७।७८ को राजस्वको प्रगति विवरण (रू हजारमा)**

| Group | २०७७ माघ | २०७७ फाल्गुण | २०७७ चैत्र | माघ देखि चैत्र सम्मको जम्मा | श्रावण देखि चैत्र सम्मको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| **Income Tax** | १००९४ | १३३३२ | १५४७२ | **३८८९८** | **८४९०९** | यस कार्यालयका कतिपय करदाताले आन्तरिक राजस्व कार्यालय, लहानको कार्यालयको कोडमा राजस्व रकम दाखिला गर्ने गरकोले राजस्व संकलन रकम अरू बढने छ । |
| **House Rent Tax** | ९०२ | ५४९ | ३६४ | **१८१५** | **६३५३** | |
| **Interest** | ० | ४३९ | ३ | **४४२** | **११७८** | |
| **VAT (Internal)** | ६८२९ | २३३८ | ४१०१ | **१३२६८** | **१८९०५** | |
| **Excise (Internal)** | १५ | १०३ | १८६ | **३०४** | **३४४६** | |
| **Education** | ० | ० | ८ | **८** | **५१** | |
| **Health** | ० | ३ | ५ | **८** | **८** | |
| **Total** | **१७८४०** | **१६७६४** | **२०१३९** | **५४७४३** | **११४८५०** | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | आर्थिक ऐन, २०७७ ले ल्याएको छुट सुविधा उपभोग गरेका करदाताको शंख्या | **आर्थिक विधेयक, २०७७ को दफा २०(१) बमोजिम** | **आर्थिक विधेयक, २०७७ को दफा २१(१) बमोजिम** | **आर्थिक विधेयक, २०७७ को दफा २१(२) बमोजिम** | **आर्थिक विधेयक, २०७७ को दफा २१(३) बमोजिम** | **जम्मा** | **कैफियत** |
| | | **२० जना** | **७४ जना** | **४ जना** | **७ जना** | **१०५ जना** | |

| | | |
|---|---|---|
| १५ | अन्य सेवा सुविधा | **करदातालाई प्रतिक्षालय, Free WiFi, चिसो□तातो पानी, Mobile Charging Station, शैचालय लगायतको उचित व्यवस्था भएको ।** |